पाठ - ६

# त्यो फेरि फर्कला ?

## शब्दभण्डार

१. **तल दिइएका शब्दहरूको विपरीत अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सुदूर | निकट |
| कृतज्ञता | कृतघ्नता |
| वेदना | खुसी |
| प्रदीप्त | अन्धकार |
| अतीत | भविष्य |
| मूक | सस्वर |
| प्रवाह | स्थिर |

२. **गाढा शब्दको अर्थ पहिचान गरी चिनो लगाउनुहोस् :**

(क) खोलाले अविराम गीत गाइरहेकै थियो ।

(अ) आवाजविहिन (आ) निरन्तर (इ) रोकिई रोकिई (ई) √ ठूलो स्वरले

(ख) स्वरलाई अलि तान्दै, आश्चर्य र उपेक्षा मिश्रित स्वरमा उत्तर दिई ।

(अ) इच्छा (आ) चाहना (इ) √ बेवास्ता (ई) आग्रह

(ग) प्रश्न एकान्तजन्य सङ्कोचको मध्यम स्वरमा थियो ।

(अ) √ असजिलोपन (आ) सहज अवस्था (इ) धेरै सजिलोसँग (ई) शङ्का

(घ) एक दिन साँझको बखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा अन्यमनस्क भई उभिरहेकी थिई ।

(अ) √ मन ठेनानमा नभएको अवस्था (आ) अन्तातिर ध्यान नगएको अवस्था

(इ) मन खुसी रहेका अवस्था (ई) अन्तरित नसोचेको अवस्था

(ङ) त्यो अभीसिप्त पन्धौं दिन पनि आयो ।

(अ) अड्किएको (आ) अनुभव भएको (इ) नजिक रहेको

(ई) √ ज्यादै प्रतीक्षा गरिएको

(च) त्यो आफ्नो अन्तरैमा निस्तब्ध भई।

(अ) उत्सुक (आ) √ सुनसान (इ) आन्दोलित (ई) प्रफुल्ल

३. **दिइएका अर्थहरूको पर्यावाची शब्द पाठबाट खोजी लेख्नुहोस् :**

| | |
|---|---|
| (क) असजिलोपन | अठ्यारो |
| (ख) सुक्खा | सुकेको |
| (ग) लजालु | सङ्कोच |
| (घ) रुवाइ | रोदन |
| (ङ) पर्खाइ | प्रतीक्षा |
| (च) धुलोपिठो | मिहिन |
| (छ) व्यक्त नभएको | भनिएको, थाहा भएको |
| (ज) वज्रभन्दा पनि | कठोर |

४. **पाठमा रहेको "जाने बखतमा .....त्यो आएन!" कथांश पढी दिइएका प्रश्नको उत्तर लेख्नुहोस्:**

जाने बखतमा यात्रीले पन्ध्र दिनमा फेरि फर्कनुपर्ला भन्ने कुरा गरेको थियो। त्यस पन्ध्र दिनको प्रतीक्षा सानीलाई अझसम्म पनि याद छ। छसात दिन एउटा भयानक उदासीनता, महान् शून्यतामा समाप्त भएको थियो। आठौँ दिनदेखि आजैका दिनमा त्यो फेरि फर्केला भन्ने आशाले अलि अलि चियाने प्रयत्न गर्‍यो । सानीलार्य सम्झना छ, त्यस दिन गाईलाई ख्वाउने घाँस काट्न जाँदा कुन्नि कुन भावना, कुन शाखा, कुन उत्साहले त्यो पहाडको टुप्पासम्म पुगिछ। घाँसको भारी भुइँमा राखी एउटा ढुङ्गामा बसी आफ्नो अन्तरको सुखद कल्पनामा मग्न भइछ । आँखा एकाग्र भएर नेपालबाट आउने बाटो हेरिरहेका थिए। त्यतातिरबाट आउनेहरूलाई देख्दा त्यसको भित्री कल्पना एउटा उत्साह भरिन जान्थ्यो –अन्यन्त सुखद र प्राणप्रद "त्यस्तै आजैका दिन त्यो पनि संसारैको प्रसन्नता आफ्ना अङ्ग प्रत्यङ्गमा सञ्चित गरी आउला, आ नो पूर्वपरिचयको प्रसन्नता अलि अलि हाँसोमा छरिदेला र फेरि एक दिन त्यहीँ बास बस्ला। तर बास नबसेदेखि त .....? छिः यस्तो दुष्कल्पना! त्यसलाई कति पनि असुविधा र दुःख म कहाँ परेको थिएन। मैले जम्मै काम गरिदिएकी थिएँ। राम्ररी पकाई खाई सुतेको थियो। किन नबस्नु!" यस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरू त्यसको आशालाई प्रदीप्त तुल्याउँदै दिनहरूलाई बिताउँदै गए। अन्ततः त्यो चिर अभिप्सित पन्ध्रौँ दिन पनि आयो। सानीलाई सम्झना छ, त्यस दिन बिहान हुनुभन्दा तीन घण्टा अगाडि राति नै त्यसको निद्रा खुलिहाल्यो। ढोका खोलेर एकपल्ट बाहिरतिर हेर्दा रात धेरै बाँकी थियो । जून टहटह लागिरहेका र आकाश स्वच्छ थियो । खोलाको "हर्रर" ध्वनि उत्फुल्लताको स्वागत गान झैँ लाग्यो । भगवान्‌को बास गर्ने आकाश आफ्नो निर्मल जूनमा हाँसिरहेको जस्तो प्रतीत भयो। दुईतीन घण्टामै प्रदीप्त सूर्य निस्कने छन्, पहाडका टुप्पामा तिनका सुनौला किरणहरू फैलिन जान्छन् । यही दिन

त्यसको आउने शुभोत्सव हुन्छ । त्यो आउला, भोलि नै त्यो आउला, बिहान हुनेबित्तिकै त्यो हिंड्छ र सुखको भण्डार भँै भएर सानीलाई भेट्टाउला!" धेरैबेरसम्म त्यो त्यसै विचारमा मग्न, सुखकल्पना विभोर भएर बसिरहे अनि एउटा आत्तिए जस्तो लामो सास फेरी आफ्नो कोठामा गएर ओछ्यानमा ओल्नेकोल्टे गर्न थाली । त्यसपछि बिहान पनि भयो, सूर्य पनि उदायो, सानीले उद्विग्न प्रतीक्षा पनि गरी, साँझ भयो, रात पनि पऱ्यो, तर ..... तर... पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणामस्वरूप सानीले पाई– "त्यो आएन ।" आँखामा आँसु, हृदयमा वेदना, प्राणमा अन्धकार, कण्ठमा भक्कानु र रोम रोमपर्यन्तमा आद्र रुदन भरेर त्यस यात्रीको सट्टामा सानीले यही चार अक्षरको स्वागत गरी आफ्नो मुटुमा बसाली – "त्यो आएन !"

(क) 'ता' प्रत्यय लागेका चारओटा शब्द खोज्नुहोस् ।

➲ उदासिनता, प्रसन्नता, उल्फुल्लता, शून्यता्

(ख) चारओटा उपसर्ग व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् ।

➲ प्रति + ईक्षा = प्रतिक्षा, अत्ति + अन्त = अत्यन्त
दुस् + कल्पना = दुष्कल्पना, अ + सुविधा = असुविधा

(ग) यस अनुच्छेदमा प्रयुक्त दशओटा तत्सम अब्दहरूको सूची बनाउनुहोस्ः

➲ प्रतीक्षा, आशा, सञ्चित, दुःख , प्रदीप्त, आकाश, किरण, शुभोत्सव, भण्डार, कण्ठ

५. **शब्दकोशको सहायता लिई दिइएका शब्दको अर्थ लेख्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

पर्यन्त, निस्तब्ध, उद्विग्न, उल्लास, क्लान्त, शिथिल, मधुरिमा, विषद, सामञ्जस्य, उत्सर्ग, अभ्यन्तर, विलुप्त

➲ पर्यन्त : (सम्म): ऊ आउने आशामा सानीले जीवनपर्यन्त पर्खिरही ।
निस्तब्धः (सुनसान, चकमन्न): द्वन्द्वको त्यो बेला पहाडी वस्ती साँझ पर्न नपाउँदै निस्तब्ध बन्दथ्यो ।
उद्विग्न : (आकुलब्याकुल, चिन्तित): उसले उद्विग्न प्रतिक्षाको परिणामस्वरूप बल्ल खेलमा समावेश हुने मौका पायो।
उल्लास : (खुसी, उमङ्ग): यसपालिको दशैं उल्लासपूर्ण वातावरणमा मनाउन सकिएन ।
क्लान्तः (थाकेको, ओइलाएको) : यात्रीको "तिमी त बुढी भइछौ" भन्ने प्रतिक्रियाले सानी शिथिल क्लान्त हुँदै गई ।
शिथिलः (थाकेको, गलेको) ज्वरोको कारण बुढाबा शिथिल भएका छन् ।
मधुरिमाः (मधुरता, मिठास): एकै दिनको उनीसँगको मिठा गफ र बगैंचामा बसी आनन्द लिएको क्षण त्यो मधुरिमाले

| | |
|---|---|
| | उनमा यौवनको उच्च चाहना रहेको आभास भएको थियो। |
| विषदः | जीवनमा विषद् अन्धकारले छोपे पनि हार खानुहुँदैन। |
| सामञ्जस्वः | जीवनमा धेरै कुराहरू सामञ्जस्व नहुँदा मान्छेले सही बाटो समात्न सक्दैन। |
| उत्सर्ग : | सानीले यात्री प्रति जीवन उत्सर्ग गरी। |
| अध्यन्तर : | सानीका जीवनमा प्रेमका कुराहरूको अभ्यन्तर यात्रा गर्न थाले। |
| विलुप्तः | एकपछि अर्को पीडाले उसको जीवन अन्धकारमा विलुप्त भयो। |

## बोध र अभिव्यक्ति

१. **'त्यो फेरि फर्कला?' कथा पढी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस्:**

**(क) कथा कति अनुच्छेदमा संरचित छ?**

➲ कथा ५५ अनुच्छेदमा संरचित छ।

**(ख) कथाको सबैभन्दा लामो अनुच्छेद कुन हो?**

➲ कथाको सबैभन्दा लामो अनुच्छेद एकचालिसौं अनुच्छेद (जाने बोलामा ....... त्यो आएन हो।)

**(ग) कथाको कुन अनुच्छेदमा पुग्दा सानी र यात्रीको भेट भएको छ?**

➲ कथाको ४९ अनुच्छेदमा पुग्दा सानी र यात्रीको भेट भएको छ।

**(घ) संवादको प्रयोग नभएका अनुच्छेदहरू पाठमा कतिओटा छन्?**

➲ संवादको प्रयोग नभएको अनुच्छेद २० ओटा छन्।

२. **'त्यो फेरि फर्कला?' कथा पढी दिइएका घटनाक्रम मिलाई लेख्नुहोस्:**

६.(क) यात्री सुतेपछि सानी यात्रीका कल्पनामा डुबुल्की मार्नु

१.(ख) एक दिन साँझको समयमा एउटा यात्री आएर यहाँ बास पाइन्छ भने सानीलाई सोध्नु

७.(ग) समयक्रममा सानीको विवाह हुनु र गृहस्थीका सम्पूर्ण कुरा सानीले स्वाभाविक रूपमा पूरा गर्नु

८.(घ) यात्री बिदा भएर गएपछि प्रत्येक दिन यात्रीलाई सम्झनु

१०.(ङ) पन्ध्रौं दिनसम्म उत्साहपूर्वक रूपमा सानी बस्नु तर यात्री नफर्कनु

२.(च) आमाले बास बस्न अनुमति दिनु

९.(छ) सानीकी आमाको स्वर्गे भएपछि सानी त्यहीं गएर आमाको पेसा अँगालेर बस्नु

११.(ज) एक दिन अचानक त्यही यात्री आएर बास माग्नु

३.(झ) आमाको स्वीकृति र यात्री बास बस्ने निश्चित भएपछि सानी खुसी हुनु

१२. (ञ) सानीले प्राणपर्यन्तसम्म पर्खेको यात्रीले कुराकानीका क्रममा तिमी त बुढी भइसकिछ्यौ भन्नु

१३.(ट) सानीको दीर्घ प्रतीक्षा समाप्त हुनु

४.(ठ) यात्रीको बासका लागि सानी सक्रिय भएर लाग्नु र भित्रभित्रै यात्रीप्रति आकर्षित हुनु

१४.(ड) आफूले मात्र यात्रीको प्रतीक्षा गरेको तर यात्रीले त्यस्तो कुनै आग्रह, अनुराग नभएको थाहा पाउनु

१५.(ढ) बिहान हुनेबित्तिकै पहिले झैँ यात्री हिँड्नु

५.(ण) अनायास सानी यात्री सुतेको ठाउँमा पुग्नु र यात्री निश्चिन्त सुतिरहेको हुनु

३. **"विचारधारा अर्कैतिर..... ओछ्यानमा लडी ।" कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:**

(क) सानी के कारणले निस्तब्ध भई ?

➲ ऊ पात्रका बारेमा भिन्न सोचाइ आउँदा मुटुको धड्कन बढेकाले सानो निस्तब्ध भई ।

(ख) यात्री सुतेको देखेपछि सानीलाई कस्तो लाग्यो ?

➲ यात्री सुतेको देखेपछि सानीलाई ढुक्क लाग्यो ।

(ग) टुकी बालेपछि सानीलाई किन डर लाग्यो?

➲ बुढी आमा सुतेकी छैनन की भन्ने डर लाग्यो ।

(घ) सानीको मनोदशा कसरी परिवर्तन भएको छ?

➲ त्यो पात्र खाइपिई सुतिसकेकोले सानीको मनोदशामा परिवर्तन भएको छ।

४. **दिइएका कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्:**

(क) त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई । तर कदाचित कुनै हठात् अभिशापले त्यहीँ छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्ता आशा गर्ने ?

**प्रश्नोत्तर**

(अ) **सानीको प्रतीक्षाले उसको कस्तो मनस्थितिलाई देखाएको छ?**

➲ सानी 'यात्री' पात्र प्रति मोहित थिई । उसमा आफ्ना अव्यक्त भावनाहरू कसैलाई भन्न सक्ने अवस्था थिएन । विवाह भएर सासुको बुहारी, लोग्नेकी जोई भएर गृहस्थीको गृहिणी जीवन बिताउनु परेपनि त्यो यात्रीलाई भेट्ने व्यग्र प्रतीक्षामा दिन बिताइरहेकी हुँदा उसभित्र यात्रीप्रति अनुराग थियो । उसलाई भेटेर मानसिक सन्तुष्टि लिने चाहनाले सानीलाई कठोर यातना दिइरहेको थियो । उसमा छटपटाहट, खुल्दुली र मनोकाङ्क्षा अपूर्ण रहेको स्पष्ट देखिन्छ।

(आ) **सानीको जीवनमा के कस्ता उतारचढावहरू देखिन्छन्?**

➲ सानीमा यात्री पात्र प्रति अव्यक्त प्रेम छ, विवाह भइसकेर घरजम गरे तापनि यात्रीको प्रभाव गडेर रहेको देखिन्छ त्यसैले ऊ 'त्यो कहिले आउला' भनेर मनमा अनेक भावना, चिन्ता, छटपटी, आशा, नैराश्य, तृष्णा बोकेर बसेकी छ। गृहस्थी जीवन प्राप्त गर्दा पनि ऊ सन्तुलित हुन सकेकी छैन। भौतिक जीवन सरल रुपमा बितेपनि मानसिक जीवन असन्तुलित, अपूर्ण, रहेको देखाइएको हुँदा सानीका जीवनमा अनगिन्ती उतारचढावहरू रहेको देखिन्छन्।

(ख) बल्ल सानीका आँखा उघ्रे। त्यसलाई आफ्नो अङ्गप्रत्यङ्ग कसो खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको सम्झना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ – आशा समाप्तिको साथसाथै जीवन सन्ध्या पनि आइपुगेको रहेछ। दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामञ्जस्य रहेनछ! आशाले अझसम्म बृद्धिलाई धोखा दिइरहेको थियो, सानी शिथिल, क्लान्त झैं हुन गई। उभिइरहनमा शरीर सान्है नै गरेको जस्तो भान हुन लाग्यो र त्यसै द्वारमा थचक्क बसी।

**प्रश्नोत्तर**

(अ) **सानीको प्रतीक्षा कसरी समाप्त भयो ?**

➲ यात्रीको लामो प्रतीक्षा गर्दागर्दा उमेर र यौवन रित्तिएको सानीलाई पत्तै हुँदैन। ऊ आफूले मात्र यात्रीको प्रतीक्षा गरिरहेको तर यात्रीले आफूप्रति कुनै अनुराग, आग्रह नराखेको थाहा पाउँछे। समय परिवर्तन भइसकेको, आफूले आशा गरेअनुसार यात्रीबाट प्रतिक्रिया नआएकाले सानीको प्रतीक्षा समाप्त भएको बुझिन्छ।

(आ) **यस अनुच्छेदमा सानीको कस्तो मनोविज्ञान प्रस्तुत भएको छ?**

➲ दीर्घ प्रतीक्षा पछि पनि आफ्नो इच्छा त्यसै सेलाएर गएको हुँदा आफूले आफ्नै जीवनमाथि धोका दिएको महसुस गर्न पुगेकी सानी शिथिल बनेकी छ । उसलाई शारीरिक थकावटको भान भएको छ त्यसैले साथीलाई कमजोर मानसिकताले सान्है नै गलाएको मनोविज्ञान प्रस्तुत भएको छ।

५. **व्याख्या गर्नुहोस्:**

(क) **समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शहक रुख झैं निर्जीव काठ मात्र रहन जान्थ्यो ?**

➲ नारी दया, माया र करुणाकी खानी हुन्। नारीमा ममताको भण्डार हुन्छ। त्यसैले सम्पूर्ण जगतमा देवीका रूपमा पुज्य छिन्। नारीमा सृष्टिकर्ता मात्र नभई सबैलाई स्नेहले बाँध्ने वात्सल्याभाव रहेको हुन्छ । त्यसैले आफ्नालाई मात्र नभई पराह तथा अपरिचितलाई समेत दयाको भाव देखाउने गर्छन्। कथामा यात्री सानीका घरमा बास बसेको हुन्छ। एक्लै थाकेर बसेको त्यो पात्र प्रति सानीका मनमा ममता र प्रेम भरिएर आउँछ।

बेलुका पुरुष मान्छे खाना पकाएर खायो कि खाएन भन्ने उत्सुकताले सानीलाई विचलित बनाउँछ। ऊ यात्री सुतेको कोठामा जान्छे। खाइपिइ सुतिसकेको देखेर फर्किन्छे। बिहान यात्री आफ्नो बाटो लाग्छ। केही समयपछि सानीको पनि विवाह हुन्छ। ऊ लोग्नेका घरमा रहन्छे। सासू, श्रीमान र गृहस्थीले सानीलाई बाधे पनि यात्रीलाई बिर्सन सक्दिन। यात्री प्रतिको चाहना सानीको हृदयमा कुनै न कुनै रुपमा गडेर रहेको हुन्छ। नारी कुनै नातामा बाँधिने भएपनि ममताको भावनाले उसलाई स्वतन्त्र बनाएको हुन्छ। यदि यस्तो नहुने भए मानव जगतमा दया र प्रेम भन्ने कुरा नै रहँदैन। संसारमा उजाड बन्छ निर्जीव जडवस्तुजस्तो रहन्छ। संसार चलेकै स्त्रीगुणले हो दया, प्रेम र ममताले हो। नारीमा अथाह ममतारुपी शक्ति रहेको हुन्छ त्यसैले नारीले कसैप्रति ममता राख्न सक्छे भन्ने गुढ रहस्यलाई माथिको कथनले व्यक्त गरेको बुझ्न सकिन्छ।

(ख) **प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य, त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति**

➲ प्रस्तुत कथनले प्रेममा त्याग समर्पण, प्रतीक्षा, आशा, विश्वास रहेको कुरा स्पष्ट पारेको छ। प्रेम अन्तरमनदेखि अङ्कुरण हुने भावनात्मक आकांक्षा हो। यो क्षणिक भेटघाट र देखावटबाट पनि जागृत हुने गर्दछ र यसले मान्छेलाई चिरकालसम्म सताइरहनछ। कथाको घटना अनुसार सानीले यात्रीलाई पहिलो पटक देखेभेटे देखि नै उसप्रति मोहित भएको अनुभूति गर्न सकिन्छ। ऊ यौवनावस्थामा हिडिरहेका बखत यात्री उसका घरमा बास बस्न पुगेको छ। यात्रीलाई देख्नासाथ सानीलाई उसप्रतिको अनुरागले सताएको छ। उसले बेलुका यात्रीका कोठामा गएर निरीक्षण गरेकी छे। बेलुका अबेरसम्म यात्रीका बारेमा अनेक तर्कना मनमा लिएर चिन्तित बनेकी छे।

यात्री बिहान सबेरै गएपछि उसलाई खल्लो महसुस भएको छ। यात्रीको सम्झनामा ऊ धेरै चोटी बेचैन बनेकी छ। गृहस्थी जीवनमा लाग्दापनि उसले यात्रीलाई भुल्न सकेकी छैन। यात्री कुनै दिन फर्किएर आउने प्रतिक्षामा ऊ दिन काट्दछे। उसका लागि समय भयङ्कर पर्खाल बनेर ढाकिएको छ। एकै बेलुकीको जम्मा भेटले सानीलाई प्रेमको महल खडा गरेको छ। सानीलाई यात्रीको प्रतीक्षा जीवनको बाटो बनेको छ। उसले यात्रीलाई भेट्न जीवन उत्सर्ग गरिरहेकी छ। सानीले यात्री बाहेक कसैलाई सम्झन सकेको छैन। गहिरो प्रेममार्गमा फसेर सानीले आफ्नो जीवन रित्याइरहकी छ। यो कुरा उसलाई पनि थाहा छैन त्यसैले प्रेम जीवनको सम्पूर्ण पक्ष हो भने प्रेम जीवनको अन्तिम विश्रान्ति पनि हो।

७. **उत्तर दिनुहोस्:**

(क) **दिइएका सन्दर्भका आधारमा सानीको चरित्र चित्रण गर्नुहोस्:**

(अ) **कथागत भूमिका**

"त्यो फेरि फर्कला?" भवानी भिक्षुद्वारा लेखिएको मनोवैज्ञानिक कथा हो। यस कथाको प्रमुख पात्र सानी हो। सानीको आमा यात्री र सानी तीन जना पात्रको

उपस्थिति रहेतापनि सानीको आमाको गौण भूमिका छ। सानीको मनौकाङ्क्षा अनुसार जोडिएर आएको त्यो पात्र यात्रीको भूमिका पनि पात्रगत रूपमा न्यून रहेको छ। अतः कथामा सानीकै भूमिका प्रमुख रहेको छ। कथानको अन्त्यसम्म सानी उपस्थित छे।

(आ) **पारिवारिक स्थिति**

कथामा सानीको पारिवारिक स्थिति तोकेर उल्लेख गरिएको छैन । सानी भरियाहरूलाई बास दिने घर परिवारमा हुर्किएकी नारी हो । विवाह पछिको लोग्नेको घरको पनि पारिवारिक अवस्थाको उल्लेख छैन। आमाको स्वर्गवास पछि आमाको घरमा आएर आमाले गरेको पुख्यौली पेसा थामेर बसेकी छे। उसका सन्तान, आफन्त र इष्टमित्रको कुनै उल्लेख नभएको कथा पढ्दा बुझ्न सकिन्छ त्यसैले सानी एकल पारिवारिक स्थितिमा जीवन बिताइरहेको भन्ने बुझिन्छ।

(इ) **शारीरिक स्थिति**

कथा पढ्दै जाँदा सानीको उमेर पन्ध्रदेखि बिसवर्ष भित्रको रहेको अनुमान गर्न सकिन्छ। साँझमा आएको भरिया 'यात्री' लाई भेटेर कुराकानी पश्चात सानीमा भरियाप्रति आकर्षण रहेको देखिन्छ । त्यसैले ऊ यौवनमा फर्कँदै गरेकी छे। विपरित लिङ्गप्रति उसमा तीव्र आकर्षण रहेको थियो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ। ऊ एकै झड्कामा मोहित बनेकी छे त्यसैले ऊ शारीरिक रुपमा परिपक्व छे भन्ने पुष्टि हुन्छ।

(ई) **मानसिक स्थिति**

कथामा सानीको भूमिकालाई हेर्दा ऊ सामान्य मानसिक अवस्थाकी हो भन्ने बुझ्न सकन्छि। समाजमा भएका मान्छेको सामान्य सोचाइ लिएर हिडेकी छे। यात्रीको भेट पछि ऊ प्रतिको मोहले एकोहोरिएकी छ। ऊ निरन्तर पुन यात्रीको सम्झनामा तल्लित रहेकी हुँदा एकोहोरो जीवन बाँच्ने भन्दा बढी अरू केही सोच्न सकेकी छैन। ऊ मानसिक रुपले दुःखी छे। उसका मनमा यात्राकै खातिर अनेक तर्कना उत्पन्न भएका छन्।

(उ) **आर्थिक स्थिति**

एकसरो जीवन गुजार्न सक्ने आर्थिक हैसियत सानीमा रहेको बुझ्न सकिन्छ। उसले कुनै ठुलो व्यवसाय अङ्गालेकी छैन। बिहान बेलुकाको छाक टार्न सक्ने सम्मको उसको आर्थिक स्थिति छ।

(ख) **'त्यो फेरि फर्कला?' कथाले कस्तो मनोविज्ञान प्रस्तुत गरेको छ?**

➲ भवानी भिक्षुद्वारा लेखिएको "त्यो फेरि फर्कला?" कथामा सानीका क्रियाकलापद्वारा मनोविज्ञानको चित्रण गरिएको छ। साथी कथाकी प्रमुख पात्र हो। त्यसो त यस कथामा पात्रहरूको प्रयोग कमै गरिएको छ। कथाको सुरु यात्रीले बास बस्ने प्रसङ्गबाट भएको छ भने घटनाको विकास सानीका मनमा उत्पन्न भएका अनेक विचारसँगै भएको छ। कथाकी प्रमुख पात्र सानी यात्रीको उपस्थिति भएदेखि अन्त्यसम्म नै मनमा अनेक कुराहरू खेलाएर आफ्नो जिन्दगी

रित्याइरहेकी छ। उसलाई यात्रीसँगको पहिलो भेटले मानसिक दवाव दिएको छ। ऊ जीवन भर यात्री फर्कने आशामा आफ्नो सबैकर्महरू बिर्सिएर समय बिताउँछे। यात्रीसँगको छोटो चिनजान सानीका मानसपटलमा नमेटिने छाप बनेको छ। यात्री उसका घरबाट हिडेदेखि सानी उसको प्रतीक्षामा बसेकी छ। ऊ कहिले फर्किएर आउछ भनी बाटो हेरेर बस्छे। आफ्नो जीवनको सबथोक यात्रासँगको पुनर्भेट ठान्छे। ऊ मानसिक, शारीरिक, भौतिक रुपमा यात्रीप्रति यति विध्न आकर्षित भएकी छे मानौँ जीवनको सम्पूर्णता नै यात्री हो। यात्रीप्रति उसका मनमा माया, स्नेह, डाह, रिस, उत्पन्न हुन्छन्। उसलाई जीवनमा केही हराए जस्तो केही नभेटिए जस्तो अनुभूति भएको छ। लामो प्रतीक्षा पछि यात्री फर्किएर उसका घरमा पुग्छ। यात्रीले सानीलाई "तिमी त बुढी भइछौ" भन्दा ऊ शिथिल, क्लान्त बन्दछे। सानीलाई आफूले गरेको लामो पर्खाइ व्यर्थ लाग्छ। सानीको उत्साह, उमङ्ग समाप्त हुन्छन्। उसलाई भयङ्कर विषद्को अन्धकारले एक्कासी थिचे झैं लाग्छ। उसको यौवन भरिको पर्खाइ यात्रीको एक वाक्यले चकनाचुर पारिदिन्छ। यसरी सानीका मनोभावनाको सूक्ष्म विश्लेषण गरेर मनोवैज्ञनिक प्रस्तुति दिइएको छ।

(ग) **'त्यो फेरि फर्कला?' कथामा सामाजिक, आर्थिक र प्राकृतिक परिवेशको चित्रण कसरी गरिएको छ ?**

➲ "त्यो फेरि फर्कला?" भवानी भिक्षुद्वारा लेखिएको मनोविश्लेषणात्मक कथा हो। यस कथाले भरियाहरू यात्रीहरू बास बसी देलान् र आफ्नो घर व्यवहार सहज रूपमा चल्ला भन्ने आशामा होटल, गेष्ट हाउस खोलेर बसेका कुनै एक क्षेत्रका मानिसको आर्थिक अवस्था चित्रण गरेको छ। कथाकी पात्र सानीले यात्रीको दीर्घ प्रतीक्षा गरेकी छ। आफ्नो यौवनकाल यात्रीको प्रतीक्षामा बिताएकी छ। ऊ यात्री फर्केर आउने आशामा लामो मानसिक कष्ट खप्दछ लामो समयपश्चात् यात्रीसँगको भेटपछि आफूले एकोहोरो सम्झना गरेको महसुस गर्दछे। यात्रीका लागि सोचेको इच्छा, चाहना र कुण्ठाहरूले आफूलाई नै गलाएको अनुभूति गर्दछे। कथा सरसर्ती पढ्दा सहरिया परिवेशले नछोएको गाउँठाउँको वातावरण भएको बुझ्न सकिन्छ। धरातलीय दृष्टिले मध्य पहाडको भित्री गाउँले प्राकृतिक वातावरण रहेको बुझ्न सकिन्छ। यसरी कथामा सामाजिक, आर्थिक र प्राकृतिक परिवेशको चित्रण भएको अनुमान गर्न सकिन्छ।

(घ) **'त्यो फेरि फर्कला?' कथाको शीर्षक सार्थकता पुष्टि गर्नुहोस्।**

➲ भवानी भिक्षुद्वारा लेखिएको "त्यो फेरि फर्कला?" मनोवैज्ञानिक कथा हो। यस कथामा झिनो कथानक रहेको छ। कथाकी पात्र सानीको मनमा उत्पन्न भएका अनगिन्ती विचारहरू मै कथा सुरूदेखि अन्त्यसम्म अघि बढेको छ। कथामा कुनै घटना श्रृङ्खला छैन। एकोहोरो सानीका मनमा उत्पन्न भएका आवेश, संवेग, इच्छा, प्रेम, कुण्ठा, प्रतीक्षाका क्रमगत विचारहरूले फन्को मारेका छन्।

कथा सानीका घरमा बास माग्दै आएको यात्रीको उपस्थितिबाट अघि बढेको छ। यात्रीप्रति सानी अत्यन्त दयालु बनेकी छ। यौवनको परिपक्व रुपका कारण

यात्रीलाई सानी अत्यन्त माया देखाउँछे। एकै रातको यात्रीको बसाइ र एकैछिनको यात्रीसँगको चिनजान सानीका लागि जीवनभरको प्रतीक्षा बनेको छ । यात्री भोलिपल्ट बिहान सबेरै आफ्नो बाटो लाग्छ। सानी भने ऊ फेरि आउला, कहिले भेटिएला भन्ने कुराले चिन्तित हुन्छे। १५ दिन, महिना दिन बितिसक्दा पनि ऊ फेरी फर्कदैन । बाटोमा कोही अपरिचित मान्छे अलि पर देखिदा पनि यात्रीकै सम्झना हुने गर्छ। सानी यात्रीलाई ऊ फेरि फर्कला?" भन्ने व्यग्र प्रतीक्षामा हुन्छे। साँझ, विहान, हरेक क्षण त्यो यात्रीलाई सम्झेर आफ्नो मनलाई सान्त्वना दिइरहन्छे, सानी । नेपालबाट लाखौं यात्रीहरू त्यही मार्खुको बाटो हुँदै मधेसतिर ओर्लन्थे तर त्यो यात्री कुनै दिन, कहिल्यै त फर्कला ! भन्ने आशा सानीले लिएकी छे। यसरी उसको (यात्री) प्रतीक्षा मै कथानक फनफनी घुमेकोले कथामा वर्णित विषयवस्तु अनुसार शीर्षक "त्यो फेरि फर्कला?" सार्थक रहेको छ।

८. **आफ्नो घरमा बास बस्न आइपुगेको यात्रीका लागि सानीले गरेको दीर्घ प्रतीक्षा तपाईलाई कस्तो लाग्यो, कथात्मक सन्दर्भका आधारमा विश्लेषण गर्नुहोस् ।**

➲ भवानी भिक्षुद्वारा लेखिएको "त्यो फेरि फर्कला?" कथा मनोवैज्ञानिक कथा हो । यस कथामा प्रमुख पात्रका रुपमा सानी उपस्थित छे। सानी होटल साहुनीकी छोरी हो । नेपालबाट सामान बोकेर आउ जाऊ गर्ने भरियालाई बास दिने चलन हुन्छ। सोही अनुसार यस कथामा प्रयोग भएको अर्को पात्र यात्री (भरिया) सानीका घरमा बास बसेको हुन्छ। त्यो यात्रीसँगको सामान्य व्यावसायिक परिचय पछि सानी ऊ प्रति आकर्षित हुन्छे। बेलुकी खाना पकाएर खायो खाएन भन्ने खुल्दुली मेटाउन आफ्नो आमाले थाहा नपाउने गरी ऊ यात्री बसको कोठामा गएर हेर्छे । ऊ खाईपिई सुतिसकेको हुन्छ । भोलिपल्ट यात्री बिहानै उठेर गयो । यात्री प्रतिको खुल्दुलीले सानीका मनमा एउटा प्रश्न उत्पन्न भयो -"त्यो फेरि फर्कला?" सानीले यस प्रश्नको उत्तर पाइन । उसको विदाइ भयो, गृहस्थीमा बाँधिएपनि "त्यो फेरि फर्कला" ले सानीलाई सताइरह्यो । ऊ यात्रीप्रति झनझन ममतामयी बन्दै गई । अनेक अनेक कुराहरू सानीका मनमा उत्पन्न भए। ऊ यात्रीकै प्रतिक्षामा रही कैयौं पन्ध्रदिन बिताई । समय बित्दै गयो । उसले माइतीघरमा बसेर पुरानो व्यवसाय थाली। दिनहरू बित्दै गए, सानीलाई त्यो यात्री एक न एक दिन अवस्य फर्कला भन्ने आशा रहिरह्यो ऊ अतीत र वर्तमानको सुन्दर स्वप्निल सपनामा कहिले रमाउँदै कहिले आशङ्का दुविधाको चिर प्रतीक्षामा समय बिताउँदै गई। यौवनले डाँडा काटिसकेपछि एक दिन यात्रीसँग उसको साक्षात्कार भयो। यात्रीले तिमीलाई मैले चिनिसके, "तिमी त बुढी भइसकी छौ" भन्यो । सानी नाजवाफ भइ, उसको आशा समाप्त भयो ऊ अत्यन्त शिथिल भई । जीवनभरको प्रतीक्षाको कुनै महत्त्व रहेन।

यसरी सानीको दीर्घ प्रतीक्षा समाप्त भयो । सानीको यो प्रतीक्षा केवल उसको मनको सन्तोष मात्र रह्यो, परिणाम कुनै पनि देखिएन। त्यसैले यति लामो प्रतीक्षा केवल व्यर्थको हुन गयो । सानीले अन्तत यात्रीको लामो प्रतीक्षा गरेर आफैलाई रित्तो पारी। आफ्नो रूप, यौवन, आशा र जीवनबोध सस्तैमा सिध्याई।

९. **दिइएका अनुच्छेद पढी कुनै चारओटा प्रश्न निर्माण गर्नुहोस् :**

वरपरको वातावरण बदलिइसकेको थियो । सलाम करिस्मालाई छाडेर नदीतिर झरिसकेको थियो पानी खान । पर्यटकहरू तितरबितर भइसकेका थिए । करिस्मा पनि चर्न थालेकी थिई । बुधन करिस्माको नजिक गयो र चरिरहेको करिस्मालाई बिस्तारै सुमसुम्यायो । कानका जरी र गाला मुसाऱ्यो र अँगालो माऱ्यो । करिस्माले पनि आफ्नो नाक दराली उसको टाउकामा । भरोस दिए जस्तै लाग्यो बुधनलाई करिस्माले ।

सौराहा चोकनेर आइपुग्दा अकस्मात आफ्नो सामुन्ने हातमा दुवाली लिएको हरियालाई उभिरहेको देख्यो । झन्डै सातोपुत्लो उडेको उसको । उसलाई लाग्यो, हरियालाई सब पत्ता चलिसकेको छ । सलमान र करिस्माको कुरा । त्यसैले त उसलाई गाली गर्न वा पैसा माग्न उभिएको छ यहाँ । "हेर बुधन, मलाई नसोधी मेरै सलमानसँग मिलाइलिस आफ्नो करिस्माको?" यही भनेर उसको गर्धनमा भएको गाम्छा समात्ने छ अनि "पच्चिस सय निकाली लिन्छस् कि यही दुवालीले मारिलिइहालुँ र तँलाई?" यसै भन्ला भन्ने डरले निलो भयो बुधन ।

"हे रे बुधन, मेरो सलमानको ......" यति मात्र बोलेको थियो हरिया, बोली टुङ्ग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आङ्ग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आफ्नो रुद्रघण्टी समाउँदै भन्यो, "राम कसम हरिया चाचा, मैले करिस्मालाई सलमानको सँग.....।" डराएर पूरा वाक्य बोल्नै सकेन बुधनले । हडबडाएर काँपेको स्वरमा बोलेको देखेर आश विपरीत उसको काँध थपथपाउँदै हरियाले भन्यो, "के भयो र बुधन तँलाई? किन यसरी डराइलिएको? मलाई भूत देखिलिइस् कि के हो रे? मैले त मेरो सलमानको देखिहालिस् कि भनेर सोधिलिन खोजेको थिएँ । त करिस्मासँगै ल्याइदिहालेको भए हुने भनिलिन खोजेको थिएँ । मैले अच्छा खासा सवारी भेटेको छु । खैर छोडिहाल् । त्यही खोलोकै छेउमै चर्न छोडिलिए थें । अब म गएर ल्याइहाल्छु रे । तँ जादै गर् .... ।" बोल्दै हिँडिसकेको थियो हरिया ।

हरिया र बुधन वपरीत दिशातिर लागे । बल्ल बुधनको सास आयो । "धत्तेरी .....हरि चाचाको त मालुम नै रहेनछ, बित्थामा म पनि यति धेरै डराइलिएँ । आफ्नै टाउकामा प्याट्ट पाऱ्यो बुधनले अनि करिस्मातिर हेर्दै भन्यो, पत्ता नचलोस् चाचालाई अहिले । बस् तँ एउटा राम्रो बछेडा दिइदिहाल । त्यसपछि त पच्चिस सय हैन तीन हजार नै दिदिन्छु रे ।" ढुक्क हुन खोज्यो बुधन ।
टाँगा लिएर घरसम्म पुग्दा उसले बाटोभरि केही र कसैलाइ देखेन । रातो रातो चिल्ला चिल्लो राम्रो सानो करिस्मा जस्तै बछेडा उसको आँखाभरि दोडिरह्यो ।
(मन्दिरा मधुश्रीको 'बुधनको घोडी' (२०७३) कथा सङ्ग्रहबाट साभार)

(क) बुधनले करिस्मालाई देखे भेटेपछि के गऱ्यो ?
(ख) बुधन किन डरले निलो कालो भयो?
(ग) हरिया के कुरा जान्न चाहन्थ्यो ?
(घ) यस घटनाले कुन ठाउँ र जातिलाई प्रतिविम्वित गरेको छ?

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

सामान्य रूपमा बुझ्दा मनको विज्ञानलाई मनोविज्ञान भनिए पनि आधुनिक मनोविज्ञानले मानिसको व्यहारको अध्ययन गर्दछ। अनुहार हेरेर मनको कुरा थाहा पाउने मात्र होइन, व्यक्तिको व्यवहार र उसले गर्ने प्रतिक्रियाका आधारमा उसका बारेमा अवधारणा बनाउनु मनोविज्ञान हो । व्यक्ति आफ्नो चाहनाको तृप्तिमा लागेको हुन्छ। उसको चाहनाअनुकूल वातावरण नहुन सक्छ। व्यक्ति भने जहिल्यै उसको चाहना अनुसार वातावरणमा परिवर्तन ल्याउन खोज्छ । यस्तो वातावरण निर्माण गर्न व्यक्तिले देखाउने क्रिया व्यवहार हो। मनोविज्ञानले व्यक्तिले आफ्नो चाहना अनुसारको वातावरण निर्माण गर्न के कस्ता प्रतिक्रिया जनाउँछ भन्ने कुराको अध्ययन गर्दछ । व्यक्तिको व्यवहारमा असर पर्ने वातावरण तीन किसिमका हुन्छन् । घर, खेत, पहाड, आवाज, गब्ध, जाडो, गर्मी, बाटोघाटो, हाटबजार आदि भौतिक वातावरण हुन् । परिवार, छिमेक, नीतिनियम, कानुन, पेसा, व्यवसाय, व्यक्ति व्यक्तिबिचको आपसी सम्बन्ध आदि सामाजिक वातावरण हुन् । व्यक्तिका आफ्नै कल्पना, भावना, चाहना, इच्छा, आकाङ्क्षा, कुण्ठा, संवेग आदि मानसिक वा आन्तरिक वातावरण हुन् । यी वतावरणले उत्तेजनाको काम गर्ने भएकाले मानिसले उसमा पर्ने प्रभावका आधारमा फरक फरक प्रतिक्रिया दखाउँछ । मनोविज्ञानले यी वातावरण र तज्जन्य परिस्थितिले उत्पन्न भएको मानिसको एकीकृत व्यवहारको सिलसिलाबद्ध रूपमा अध्ययन गर्दछ।

**प्रश्नहरू**

(क) **मनोविज्ञान के हो?**

➲ व्यक्तिको व्यवहार र उसले गर्ने प्रतिक्रियाका आधारमा उसका बारेमा अवधारणा बनाउनु मनोविज्ञान हो ।

(ख) **व्यक्ति कस्तो वातावरण निर्माण गर्न खोज्छ?**

➲ व्यक्ति आफ्नो इच्छा चाहना अनुसारको वातावरण बनाउन चाहन्छ।

(ग) **सामाजिक र भौतिक वातावरणले मनोविज्ञानमा कसरी प्रभाव पार्छ?**

➲ सामाजिक र भौतिक वातावरणले उत्तेजनाको काम गर्ने भएकाले ठाउँ अनुसार फरक फरक व्यवहार हुने गर्छ।

(घ) **'संवेग' र 'तज्जन्य' शब्दको अर्थ लेख्नुहोस् ।**

➲ संवेग : लाज, डर, ईर्ष्या घमण्ड आदि भाव

तज्जन्य : त्यसबाट उत्पन्न भएको

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ६ सुन्नुहोस् र ठिक उत्तर पहिल्याउनुहोस्:**

(क) प्रस्तुत कथामा वर्णित घटना कुन समयमा घटेको हो ?

(अ) रातको एघार बजे (आ) √ रातको बाह्र बजे

(इ) रातको एक बजे (ई) रातको साढे बाह्र बजे

(ख) अप्रेसन खर्च कति लाग्ने रहेछ ?

(अ) पाँच लाख (आ) एक करोड

(इ) √ दश करोड (ई) दश लाख

(ग) एकाएक प्रकट भएका भगवान्‌ले के भने?

(अ) ए! मनुवा के सोच्दै छन् (आ) ए मनुवा! तलाईं के चाहियो

(इ) √ ए मनुवा ! के माग्छस् माग् (ई) ए भाइ, म के मागूँ

(घ) म पात्रले के माग्यो?

(अ) गाडी (आ) √ पैसा (इ) घर (ई) जीवन

(ङ) भगवान् के भनेर बिलाए?

(अ) √ तथास्तु (आ) धन्यवाद (इ) तिम्रो इच्छा पूरा भयो (ई) नमस्कार

२. **सुनाइ पाठ ६ मा प्रयुक्त दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस्:**

| **शब्द** | **अर्थ** |
|---|---|
| (क) भ्रान्ति | अचानक (ग) |
| (ख) मनुवा | त्यस्तै होस्‌भनी आशीर्वाद दिइने शब्द (घ) |
| (ग) अप्रत्यासित | मानिस (ख) |
| (घ) तथास्तु | बोली बन्द रहेको स्थिति (ङ) |
| (ङ) अवाक् | कुनै कुरा देख्दा वा सुन्दा त्यस्तै अर्को कुराको भान हुने अवस्था (क) |

३. **सुनाइ पाठ ६ का आधारमा उत्तर दिनुहोस् :**

**(क) म पात्र के सोचिरहेको थियो?**

➲ म पात्र श्रीमतीको उपचारका लागि खर्च कसरी जुटाउने भन्ने कुरा सोचिरहेको थियो।

**(ख) म पात्रले आफैलाई किन चिमोटेको हो?**

➲ सपना कि विपना हो भन्ने कुरा थाहा नपाएर म पात्रले आफैलाई चिमोटेको हो।

**(ग) म पात्र हडबडाउनुको कारण के हो ?**

➲ भगवानसँग के माग्ने भनेर म पात्र हडबडाएको हो।

**(घ) भगवान्‌ले घडी हेर्दै के भने ?**

➲ छिटो भाग समय सकिन लाग्यो, भने।

**(ङ) म पात्र किन चिच्चायो ?**

➲ श्रीमतीको जीवन समापन भएकाले म पात्र चिच्यायो।

**(च) प्रस्तुत कथाको सार के हो?**

➲ रुपैया पैसाभन्दा श्रीमतीको साथ ठुलो हुन्छ भन्ने प्रस्तुत कथाको सार हो।

४. **मानिसहरू मनोवैज्ञानिक समस्यामा कसरी पर्छन, छलफल गरी लेख्नुहोस्:**

## भाषातत्त्व

१. **दिएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:**

अनि शान्तिको आकाङ्क्षामा गाँठो पर्दै आयो । हातको स्वेटर चपक्क समातिन् । भन्दछन् रोग लागेपछि औषधी गर्नुभन्दा रोगको बाटै छेक्नु जाती । त्यसो भए किन उनी गोपीनाथको आङमा पुग्नुअगावै स्वेटर नजलाइदिउन् । किनभने स्वेटर अहिले उनको कब्जामा छ । यस्तो सोच्दा शान्तिको मनमा सविता उपर अलिकति पनि सहानुभूति आएन भनन सकिन्न । त्यसैले त उनको ईर्ष्याले तत्काल अर्को रूप धारणा गयो र शानित बिस्तारै बिस्तारै स्वेटर उधार्न थालिन् । केही क्षणपछि नै उनको यो क्रिया यसरी बढ्दै गयो कि मानौँ कुनै मेसिनो तेज पुर्जाले स्वेटर उधारिरहेछ । उध्रको ऊन एकातिर फराकिलिँदै गइरहेछ । अकार्यको यस दौडमा शान्तिको हातले एक बाजि सविताको पिठ्युँमा धक्का लाग्न पुग्यो । सविता ब्युँझी । एकतमासको अनुहार लगाएर दिदीलाई हेरी । डरले काँपेको सानो आवाजमा उसले सोधी – "के भने दिदी, किन उधार्नुभा' यो ....?
('भिनाजुको स्वेटर' बाट साधार गरिएको)

(क) माथिको अनुच्छेदबाट ह्रस्व र दीर्घ प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् ।

| ह्रस्व | दीर्घ |
|---|---|
| अनि, शान्ति , समातिन्, पछि , किन , किनभने, अहिले सविता, अलिकति, सकिन्न , बिस्तारै, थालिन् क्रिया, कि, मेसिन, एकातिर, बाजि, पिठ्युँ, | औषधी, जाती, उनी, गोपी, ईर्ष्याले, केही, यसरी, व्युँभी, हेरी, सोधी |

(ख) माथिको अनुच्छेदबाट श, ष, स प्रयोग भएका शब्दको सूची भएका सूची बनाउनुहोस् ।

| श | ष | स |
|---|---|---|
| शान्ति | औषधी<br>ईर्ष्या | स्वेटर, सोच्दा<br>सविता, सहनुभूति<br>मेसिन, सानो |

(ग) माथिको अनुच्छेदबाट ब, व, छ र क्ष प्रयोग भएका शब्दको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| ब | व | छ | क्ष |
|---|---|---|---|
| बाटै, कब्जा, बिस्तारै, बाजि, ब्युँभी | अवावै, स्वेटर, सविता | भन्दछन् , पछि, गइरहेछ | क्षण |

२. **वर्णविन्यास ख्याल गरी कथाको अन्तिम अनुच्छेद सार्नुहोस् ।**

३. **दिइएका शब्दहरू शुद्ध पारी सार्नुहोस् :**

| | | | |
|---|---|---|---|
| तापनी - | तापनि | प्रतिक्षा - | प्रतीक्षा |
| सम्मूख - | सम्मुख | भरीया - | भरिया |
| सुकूल- | सुकुल | क्रिडा - | क्रीडा |
| चौथाइ - | चौथाइ | श्रृंखलाबद्ध - | श्रृङ्खलावद्व |
| सुदुर - | सुदूर | निर्जिव - | निर्जीव |
| अभिसिप्त - | अभीसिप्त | उद्विग्न- | उद्विग्न |
| अतित - | अतीत | नैराष्य - | नैराश्य |
| समष्टी - | समष्टि | निख - | नीख |
| कस्टप्रद - | कष्टप्रद | निष्तब्ध - | निस्तब्ध |
| अबिराम - | अविराम | बिश्वास - | विश्वास |
| विहां - | विवाह | चन्चल - | चञ्चल |
| सामान्जस्य - | सामाञ्जस्य | अंग - | अङ्ग |
| चुर्न - | चूर्ण | एस्तै - | यस्तै |
| ह्रिदय - | हृदय | छीण - | क्षीण |
| प्रत्यछ्य - | प्रत्यक्ष | जिग्याँसा - | जिज्ञासा |
| सम्स्कृति - | संस्कृति | भनडार - | भण्डार |
| दुश्कल्पना - | दुष्कल्पना | उत्शाह - | उत्साह |
| ग्रिहिणी - | गृहिणी | अनन्तकालिन - | अनन्तकालीन |
| वज्रपर्हार - | बज्रप्रहार | अभ्भेन्तर - | अभ्यन्तर |

४. **दिइएको शब्दहरू कुन कुन शुद्ध र कुन कुन अशुद्ध छन्, पहिचान गनुहोस् :**
जेठाजू, भाउजू, पर्श्चेली, बर्षेनी, तनहुँ, उर्दु, हात्ति, कति, कोशी, जुलुश, चरिनङ्ग्रे, विभुति, शिरीष, क्लिष्ट, आशिर्बाद, राष्ट्रिय, केन्द्रिय, प्रशंसा, माथी, वाकस, इन्साफ, इन्द्रेणी, किर्तिपुर, सङ्घ, बिकास, वाधा, सम्बन्ध, वेरुजु, छ्यमा, क्षत्रिय, एसरी, कर्तब्बे, एस. रिण, पृय, कृत्रिम, सन्देश, शुभ, सहीद, लान्छना, बृहत, सभासद

➲ शुद्ध शब्दहरू : भाउजू, तनहुँ, कति, कोशी, चरिनङ्ग्रे, शिरीष, राष्ट्रिय, प्रशंसा, इन्साफ, इन्द्रेणी, सङ्घ, सम्बन्ध, क्षत्रिय, कृत्रिम, सन्देश, शुभ

५. **वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस् :**

(अ) **वायुमण्डलको संरचनामा भूमिका निर्बाह गर्ने ज्ञासहरूको अनुपातमा फेरबडले र मूलतः कार्बनडाइअक्साइडको मात्र बढ्नाले प्रिथ्वीको तापकर्म बढ्न थालेको छ ।**

➲ वायुमण्डलको संरचनामा भूमिका निर्वाह गर्ने ग्याँसहरूको अनुपातमा फेरबदलले र मूलतः कार्बनडाइअक्साइडको मात्रा बढ्नाले पृथ्वीको तापक्रम बढ्न थालेको छ ।

(आ) **त्यो तृस्णा, त्यो अनन्तकालिन पर्तीक्षा त्यो दिनहुको अभभेसत निरासाको धक्का त्यस्को शासमा मिसिइसकेको थियो ।**

➲ त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिसकेको थियो ।

(इ) एस्तै प्रकारले नितय नयाा नयाा कल्पनाहरूत्यसको आषालार्य प्रदिप्त तुल्याउदै दिबसहरूलाई बिताउादै गए । अन्तत त्यो चीर अभिसिप्त पन्ध्रौा दीन पनि आयो ।

➲ यस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरू त्यसको आशालाई प्रदीप्त तुल्याउँदै दिवसहरूलाई बिताउँदै गए । अन्ततः त्यो चिर अभीसिप्त पन्ध्रौं दिन पनि आयो ।

६. पदयोग र पदवियोग मिलाई पुनर्लेखन गर्नुहोस्:

(अ) भरियाले डोकाबाट भााडाहरू भिकिसकेकोथियो । साथीलेमाथि बाट तुरुनतै एउटा सोपित्ले गाग्री ल्याइ दिई । त्यो समेत लिएर भरिया खोला तिरगयो ।

➲ भरियाले डोकाबाट भाँडाहरू झिकिसकेको थियो । सानीले माथिबाट तुरुन्तै एउटा सानो पिल्ले गाग्री ल्याइदिई । त्यो समेत लिएर भरिया खोलातिर गयो ।

(आ) हुनसक्छ - यतैकतै हलो जोति रहेको होला अथवा घाँस खुर्किरहेको होला । नभन्दै सिमलको आडबाट परिछन टुप्लुक्क देखा पऱ्यो, जोत्दा जोत्दैको हलगोरु अड्याएर ऊ हस्याङफुस्याङ गर्दै मतिर लम्कादै थियो ।

➲ हुनसक्छ यतैकतै हलो जोतिरहेको होला अथवा घाँस खुर्किरहेको होला । नभन्दै सिमलको आडबाट परिछन टुप्लुक्क देखा पऱ्यो । जोत्दा जोत्दैको हलगोरु अड्याएर ऊ हस्याङफस्याङ गर्दै मतिर लम्किँदै थियो ।

(इ) यात्री चाहिने बिहानै उठेर गइहाल्यो । सानीको आँखामा आई सकेका र छचल्किरहेका मुर्क मोह र कुन्नि कस्ता अध्यक्त आकांक्षाहरू त्यसलाई निकै मनमारी हुँदैआयो, हृदयमा आर्द्र भावनाहरूमा गहुङ्गो प्रवाह बग्न थाल्यो र त्यसको भित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो - "त्यो फेरि फर्कला?"

➲ यात्री चाहिने बिहानै उठेर गइहाल्यो । सानीको आँखामा आइसकेका र छचल्किरहेका मूकमोह र कुन्नि कस्ता अव्यक्त आकाङ्क्षाहरू त्यसलाई निकै टाढासम्म पहाडको टुप्पोमा पुऱ्याई फर्के । कुन्नि केले हो, त्यसको मन भारी हुँदै आयो, हृदयमा आद्र भावनाहरूमा गह्रुङ्गो प्रवाह बग्न थाल्यो र त्यसको भित्र मनमा लगातार एउट प्रश्न उम्लन थाल्यो -"त्यो फेरि फर्कला?"

## सिर्जना र परियोजना

१. पुस्तकालयमा गई कुनै एउटा मनोवैज्ञानिक कथा खोजेर पढ्नुहोस् । उक्त कथाको मुख्य पात्रको मनोदशा के कस्तो रहेछ? के कारणले त्यस पात्रको मनोदशा त्यस्तो बनेको होला, कक्षामा सुनाउनुहोस् ।

२. दिइएका बुँदाका आधारमा एउटा कथा तयार गर्नुहोस् :

(क) सधै सामान्य पसलमा जाने गरेको कुनै पात्र आफूलाई चाहिएको सामान किन्न सुपर मार्केटभित्र छिर्नु,

(ख) त्यहाँ सामानहरूलाई मनमोहक ढङ्गले सजाएको देख्नु ,

(ग) जति घुम्दै गयो उसलाई उति धेरै सामान किन मन लाग्नु,
(घ) आफ्नो खल्ती विचार गर्नु,
(ङ) एउटा सामान किन्न गएको भए पनि अनेक सामान किन्नु ,
(च) पैसा सिद्धिएपछि पनि अनेक अनेक थरीका सामान किन्न मन लागिरहनु ,
(छ) उसको मनमा पैसा नै सबैथोक रहेछ भन्ने पर्नु,
(ज) त्यसपछिका दिनमा उसलाई सामान्य खालका दोकानमा सामान किन्दा लाज हुनु कसैले नदेखे हुन्थ्यो भन्ने लाग्नु ,
(झ) ठूल्ठूला पसलमा किन्न जाँदा गौरवबोध हुनु, किनमेल गरेको बेलामा कसैले देखे हुन्थ्यो जस्तो लाग्नु
(ञ) उसको जीवनको आवश्यकता बज़ारले निर्धारण गर्न थाल्नु ।

३. **आफ्नो जीवनमा आइपर्ने विभिन्न घटनाले प्रत्येक मानिसलाई कुनै न कुनै मनोवैज्ञानिक समस्यामा पार्छ । यस्तो बेला कोही कुनै कुरामा ध्यानपूर्वक काम नै गर्न नसक्ने हुन्छन् । कोही आक्रामक र रिसाहा बन्छन् । कोही चिन्तामा पर्छन् । कोही अति खुसीले चिच्याउँछन् वा अति दुःखी हुन्छन् । तपाईंका जीवनमा आइपरेका यस्ता परिस्थितिका आधारमा तपाईंका मनमा खेलेका तर्कनालाई समेत समेटी एउटा छोटो कथा तयार गर्नुहोस् ।**

➲ बादु घरायसी सामानका लागि नजिकैको पसलमा जाने गर्थे । एक दिन आफूलाई चाहिएको सामान किन्न बादु सुपरमार्केट छिरे । कहिल्यै सुपरमार्केट नछिरेका बादुलाई मनमोहक ढङ्गमा सजाएर राखेका सामानले आकर्षित गऱ्यो । उनले सबैतिरका सामान एक एक गरेर हेर । उनलाई सुपरमार्केटमा भएका धेरै सामान किन्न मन लाग्यो । सामान किन्ने बेलामा उनले आफ्नो गोजीमा भएको पैसाको ख्याल गरे । एकै ठाउँमा धेरै सामान आफैले छानीछानी किन्न पाइने भएकाले बादुले अनेक समान किने । आफूसँग भएको पैसा सकिए पनि अरू बढी सामान किन्न मन लाग्यो तर खल्ती रित्तिएकाले अरु सामान किन्न सकेनन् ।

बादुलाई पैसाले सबथोक रहेछ भन्ने लाग्यो । सुपरमार्केटमा गएर सामान किन्न पल्केको बादुलाई सामान्य दोकानबाट सामान खरिद गर्न लाज लाग्न थाल्यो । कहिले काही सामान्य दोकानमा गएर सामान किन्दा कसैले नदेखे हुन्थ्यो भन्ने लाग्न थाल्यो । बादुले ठुलठुला पसल, सुपरमार्केटमा गएर सामान किन्दा ठुलै मान्छे हुइने रहेछ भन्ने सोच्न थाले । सुपरमार्केट छिर्दा गौरवबोध हुन थाल्यो । सुपरमार्केटमा गएर किनमेल गरेको अरुले पनि देखुन भन्ने लाग्न थाल्यो । सुपरमार्केट छिर्दा र निस्किदा दाँयाबाँया, यताउता हेर्दै अरूलाई देखाउने गर्न थाले । बादुको जस्तै आजका मान्छेमा यस्तो प्रवृत्ति देखिने गर्छ । देखासिकी गर्ने प्रवृत्तिले धेरै मान्छेहरू फजुल खर्ज गर्न थालेका छन् । मानिसको जीवनको आश्वयकता आजकाल बजारले निर्धारण गर्न थालेको छ । बजारलाई हेरेर होइन आफ्नो क्षमता र आवश्यकता हेरेर वस्तुको उपभोग गर्नुपर्दछ ।